जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दम, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २६२ | २०८३ साल बैशाख २४ गते बिहीवार | Thursday-07-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## विद्यालय तथा धार्मिक क्षेत्र नजिकका मदिरा पसल हटाउन सुवर्ण गाउँपालिकाको निर्देशन

***शु.आ. सम्बाददाता***
***बारा, २३ बैशाख***

सुवर्ण गाउँपालिकाले विद्यालय तथा धार्मिक स्थल वरपर सञ्चालनमा रहेका मदिरा पसलहरू हटाउन निर्देशन दिएको छ । गाउँ कार्यपालिकाको कार्यालय, कचोर्गाउँ बाराले जारी गरेको सूचनाअनुसार तोकिएको मापदण्ड विपरीत सञ्चालनमा रहेका पसलहरूलाई तत्काल हटाउन आग्रह गरिएको हो ।




गाउँपालिकाले यसअघि नै जारी गरेको सूचनामा विद्यालय, मठ, मन्दिर तथा मस्जिददेखि ५०० मिटरभित्र मदिरा (जाँड-रक्सी) बिक्री वितरण तथा सेवनमा पूर्ण प्रतिबन्ध लगाइएको जनाएको छ । सोही निर्णय कार्यान्वयनका लागि हाल सम्बन्धित क्षेत्रभित्र रहेका सम्पूर्ण मदिरा पसलहरू हटाउने प्रक्रिया अघि बढाइएको गाउँपालिकाले स्पष्ट पारेको छ । सूचनाअनुसार वडा नम्बर ३ सन्तगञ्ज बोर्ड क्षेत्रबाट पसल हटाउने कार्य सुरु भइसकेको छ । गाउँपालिकाले पुनः सूचना जारी गर्दै तोकिएको मितिभित्र, अर्थात् सूचना प्रकाशित भएको मितिले तीन दिनभित्र ५०० मिटर क्षेत्रभित्रका सबै मदिरा पसल हटाउन सम्बन्धित व्यवसायीलाई आग्रह गरेको छ । यस कार्यमा सहजीकरण गर्न सबै सरोकारवाला निकायलाई पनि अनुरोध गरिएको छ । साथै, सुवर्ण गाउँपालिकाभित्र रहेका सबै मदिरा पसलहरूलाई साँझ ७ बजेपछि पूर्ण रूपमा बन्द गर्नुपर्ने व्यवस्था लागू गरिएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत आमोद चौधरीद्वारा हस्ताक्षरित उक्त सूचनाले स्थानीय स्तरमा मदिरा नियन्त्रण तथा सामाजिक अनुशासन कायम गर्न महत्वपूर्ण कदमको रूपमा हेरिएको छ । यस निर्णयले स्थानीय बासिन्दा, व्यवसायी तथा सरोकारवालाबीच थप छलफल र बहसको विषय बन्ने देखिएको छ ।

## गरुडामा तस्करी नियन्त्रणमा प्रश्न, प्रहरी नेतृत्वमाथि गम्भीर आरोप

***शु. आ. सम्बाददाता***
***रौतहट, २३ बैशाख***

रौतहटको गरुडा क्षेत्रमा पछिल्लो समय तस्करी गतिविधि बढेको भन्दै स्थानीय तहमा चिन्ता बढेको छ । इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकर प्रसाद आचार्यमाथि तस्कर समूहसँग मिलेमतो गरेको आरोप सार्वजनिक भएपछि विषय थप चर्चामा आएको हो । यद्यपि यी आरोपहरू हालसम्म आधिकारिक रूपमा पुष्टि भइसकेका छैनन् ।



स्थानीय स्रोतहरूका अनुसार भारतसँग जोडिएका विभिन्न सीमावर्ती नाकाबाट कपडा, हार्डवेयर तथा किराना सामग्रीजस्ता सामान अवैध रूपमा भित्र्याएर गाउँ-गाउँका भित्री बाटो प्रयोग गर्दै गरुडा बजारसम्म पुऱ्याउने गरिएको दाबी गरिएको छ। सो कार्यमा संलग्न केही व्यक्तिहरूले प्रहरीसँग 'सेटिङ' मिलाएर निर्वाध रूपमा कारोबार चलाइरहेको आरोप पनि लगाइएको छ ।

विशेषगरी गरुडा नगरपालिका आसपास सक्रिय भनिएका केही तस्करहरूले नियमित आर्थिक लेनदेनमार्फत सुरक्षा सहज बनाएको दाबी स्थानीयले गरेका छन् । तर, यस्ता आरोपहरूको स्वतन्त्र पुष्टि भने हुन सकेको छैन ।

केही दिनअघि महम्मदपुर क्षेत्रमा मोटरसाइकलमार्फत सामान ओसारपसार भइरहेको भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि सीमाक्षेत्रको गतिविधि पुनः चर्चामा आएको हो। उक्त भिडियोपछि "प्रहरीकै संरक्षणमा तस्करी भइरहेको" भन्ने स्थानीय आरोपहरू अझ तीव्र बनेका छन् ।

स्थानीयवासीहरूका अनुसार पछिल्लो समय अवैध कारोबार बढेको महसुस गरिएको छ भने वैधानिक रूपमा कर तथा भन्सार तिरेर व्यापार गर्ने व्यवसायीहरू मारमा परेको गुनासो छ । उनीहरूका अनुसार सस्तो अवैध सामान बजारमा बढ्दा कानुनी व्यवसायीहरू प्रतिस्पर्धामा टिक्न कठिन भइरहेको छ ।

यसैबीच, सुरक्षा निकायको मुख्य जिम्मेवारी सीमाक्षेत्रमा कानुन कार्यान्वयन र तस्करी नियन्त्रण गर्नु भए पनि गरुडामा प्रहरी भूमिकामाथि प्रश्न उठ्न थालेपछि समग्र सुरक्षा संयन्त्रप्रति अविश्वास बढ्न सक्ने चिन्ता व्यक्त गरिएको छ ।

उता, डीएसपी आचार्य वा सम्बन्धित प्रहरी निकायबाट यी आरोपबारे हालसम्म सार्वजनिक प्रतिक्रिया आएको छैन । सरोकारवालाहरूले भने विषयको निष्पक्ष छानबिन, तथ्यगत अनुसन्धान र दोषी देखिए कडा कारबाहीको माग गरेका छन् ।

सीमावर्ती जिल्लामा हुने तस्करी केवल अवैध व्यापारको विषय मात्र नभई राजस्व, सुरक्षा र सुशासनसँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएकाले सम्बन्धित निकायले यसतर्फ गम्भीर ध्यान दिनुपर्ने देखिन्छ ।

## उचिडिहमा चार कोठे दुई तल्ले विद्यालय भवन तथा कक्षा ९ उद्घाटन

***रुपेश यादव***
***रौतहट, २३ बैशाख***

रौतहटको देवाही गोनाही नगरपालिका-७ उचिडिह टोलस्थित श्री आधारभूत विद्यालयमा नव निर्मित चार कोठे दुई तल्ले पक्की भवन तथा कक्षा ९ को उद्घाटन सम्पन्न भएको छ । नगर प्रमुख प्रेमलाल साह, उपमेयर परनिया देवी पटेल र शिक्षा संयोजक राजदेव रामले संयुक्त रूपमा रिबन काटी भवन उद्घाटन गरेका हुन् ।



विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बिन्देश्वरी महतोको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जनप्रतिनिधि, अभिभावक तथा स्थानीयवासीहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

विद्यालयलाई प्राथमिक तहबाट आधारभूत तहसम्म विस्तार गर्न महत्वपूर्ण भूमिका खेलेका प्रधानाध्यापक मुक्ती प्रसाद कुशवाहाले आफ्नो कार्यकालमा विद्यालयको भौतिक तथा शैक्षिक सुधारमा उल्लेखनीय योगदान दिएका छन् । उनले व्यक्तिगत लगानीसमेत गरी विद्यालयको स्तरोन्नतिमा सक्रिय भूमिका निर्वाह गरेको कार्यक्रमका वक्ताहरूले बताएका छन् ।

प्रधानाध्यापक कुशवाहाका अनुसार आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत प्राप्त ३६ लाख रुपैयाँबाट भवन निर्माण सुरु गरिएको थियो । बजेट अभावका कारण अधुरो रहेको निर्माण कार्य उनले थप व्यक्तिगत लगानी गरी कुल ४५ लाख रुपैयाँको लागतमा सम्पन्न गरेका हुन् ।

त्यसैगरी विद्यालयको भौतिक विस्तारका लागि आर्थिक वर्ष २०८१ मा स्थानीय नागेश्वर महतोसँग ८ लाख रुपैयाँमा एक कठ्ठा तथा देवीलाल महतोसँग ९३ हजार रुपैयाँमा सात धुर जग्गा खरिद गरिएको जानकारी दिइएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बिरवल कुशवाहको नेतृत्वमा निर्माण सम्पन्न भएको उक्त भवन अहिले पालिकाभित्रकै एक नमुना विद्यालयका रूपमा विकसित हुँदै गएको बताइएको छ । उद्घाटन समारोहमा बोल्दै प्रधानाध्यापक कुशवाहाले शैक्षिक सत्र २०८२ देखि कक्षा ९ सञ्चालनमा आइसकेको जानकारी दिँदै अब विद्यालयमा कक्षा ९ सम्म अध्ययनको सुविधा उपलब्ध भएको बताए । उनले अभिभावकहरूलाई आफ्ना बालबालिकालाई सोही विद्यालयमा भर्ना गराउन आग्रह समेत गरे ।

नव निर्मित भवन र कक्षा ९ सञ्चालनसँगै विद्यालयको शैक्षिक गुणस्तरमा थप सुधार आउने विश्वास लिइएको छ ।

कार्यक्रममा वडा नं. ५ का अध्यक्ष उपेन्द्र साह, वडा नं. ६ का अध्यक्ष विष्णु दास, वडा नं. ९ का अध्यक्ष वीरबहादुर साह, इलाका प्रहरी कार्यालय देवाही गोनाहीका प्रहरी निरीक्षक तेजप्रसाद भट्टराई, सशस्त्र प्रहरीका प्रहरी निरीक्षक दिलबहादुर नेपालीलगायत विभिन्न राजनीतिक दलका प्रतिनिधि, शिक्षक, पत्रकार तथा स्थानीयवासीहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

## बसबाट ४७५ पिस प्रतिबन्धित क्याप्सुलसहित युवक पक्राउ

***शु.आ. सम्बाददाता***
***पर्सा, २३ बैशाख***

पर्साको ठोरीबाट चितवनतर्फ जाँदै गरेको यात्रुबाहक बसबाट प्रहरीले प्रतिबन्धित लागूऔषधसहित एक युवकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा चितवनको माडी नगरपालिका-८ निवासी १९ वर्षीय विश्वास परियार रहेका छन् ।



ईलाका प्रहरी कार्यालय ठोरीबाट खटिएको प्रहरी टोलीले नियमित चेकजाँचका क्रममा ठोरी गाउँपालिकाको चौताराचोकस्थित सडकखण्डमा ना.प्र.३-००१ ख २६०४ नम्बरको बस रोकेर जाँच गरेको थियो । सो क्रममा बसमा सवार परियारमाथि शंका लागेपछि खानतलासी गर्दा उनले लगाएको पाइन्टको खल्तीभित्र लुकाइछिपाइ राखिएको अवस्थामा प्रतिबन्धित लागूऔषध बरामद गरिएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक राजु कार्कीका अनुसार परियारबाट 'लेबोरोट' लेखिएको निलो रंगको लागूऔषध जस्तो देखिने ४७५ पिस क्याप्सुल फेला परेको हो। बरामद सामग्रीसहित उनलाई नियन्त्रणमा लिई थप अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

प्रहरीले पछिल्लो समय सीमा क्षेत्र हुँदै लागूऔषध ओसारपसार बढ्दै गएको भन्दै चेकजाँचलाई थप कडाइ गरिएको जनाएको छ । साथै, लागूऔषध नियन्त्रणका लागि समुदायस्तरमा समेत सचेतना अभिवृद्धि आवश्यक रहेको प्रहरीको भनाइ छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# नक्कली विज्ञापन प्रकरणः प्रणालीगत कमजोरी र जवाफदेहिताको परीक्षण

सरकारी सूचना तथा विज्ञापन प्रकाशन जस्तो संवेदनशील क्षेत्रमा देखिएको अनियमितताले पुनः एक गम्भीर प्रश्न उठाएको छ—के हाम्रो सार्वजनिक खर्च प्रणाली अझै कागजी प्रक्रियामा मात्रै सीमित छ? बारा जिल्लासम्बन्धी नक्कली विज्ञापन प्रकरणमा विशेष अदालतले तीन जनालाई दोषी ठहर गर्दै सजाय सुनाएको छ भने एक जनाले सफाइ पाएका छन् । यो फैसला केवल व्यक्तिविशेषको दण्ड सजायमा सीमित छैन, बरू समग्र प्रणालीको कमजोरी उजागर गर्ने उदाहरण बनेको छ । सरकारी विज्ञापन नै प्रकाशन नगरी प्रकाशित भएको देखाएर लाखौं रूपैयाँ भुक्तानी लिने कार्य सामान्य त्रुटि होइन, यो नियोजित मिलेमतो र संस्थागत कमजोरीको परिणाम हो । यसले सरकारी निकायभित्रको अनुगमन प्रणाली, आन्तरिक नियन्त्रण र जवाफदेहिता कति कमजोर छ भन्ने स्पष्ट संकेत गर्छ । जब एउटा सूचना नछापी छापिएको भनेर प्रमाण तयार हुन्छ र त्यसकै आधारमा भुक्तानीसमेत हुन्छ, त्यसले केवल केही व्यक्तिको बेइमानी मात्र होइन, प्रणालीको भरोसामाथि नै प्रश्न उठाउँछ ।

अदालतको निर्णयले दोषीलाई सजाय दिनु सकारात्मक पक्ष हो । यसले भविष्यमा यस्ता कार्यमा संलग्न हुन खोज्नेहरुलाई सन्देश दिनेछ । तर, प्रश्न यति मात्रमा सीमित छैन—यस्ता घटना किन दोहोरिन्छन्? के कारणले यस्तो मिलेमतो सम्भव हुन्छ? र, यसलाई रोक्न के कस्ता संरचनात्मक सुधार आवश्यक छन ?

यो प्रकरणले सरकारी विज्ञापन व्यवस्थापनमा पारदर्शिता, डिजिटल ट्र्याकिङ प्रणाली र स्वतन्त्र अनुगमन संयन्त्रको आवश्यकता देखाएको छ । विज्ञापन प्रकाशन भए/नभएको वास्तविक समयमै पुष्टि गर्ने व्यवस्था नहुँदा यस्ता अनियमितता फस्टाउने अवसर पाएका छन् । अब कागजी प्रमाणभन्दा माथि उठेर प्रविधिमैत्री प्रणाली लागू गर्नु अपरिहार्य भइसकेको छ ।

साथै, जिम्मेवार पदमा रहेका व्यक्तिहरुको नैतिकता र पेशागत इमानदारी पनि उत्तिकै महत्वपूर्ण पक्ष हो । नियम र प्रविधि मात्र पर्याप्त हुँदैनन्, तिनको प्रभावकारी कार्यान्वयनका लागि जिम्मेवार व्यक्तिहरुको प्रतिबद्धता आवश्यक हुन्छ ।

अन्ततः, यो फैसला स्वागतयोग्य भए पनि यसलाई एउटा चेतावनीका रुपमा लिनुपर्छ—यदि प्रणाली सुधार भएन भने यस्ता घटनाहरु फेरि दोहोरिन सक्छन् । पारदर्शिता, उत्तरदायित्व र कडाइका साथ कार्यान्वयन गर्ने संस्कृतिको विकास नै अबको आवश्यकता हो ।

# सोह्रौं योजनामा सुशासन र समृद्धि



कृष्ण वर्मा

योजनाले स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माणका साथै हरित अर्थतन्त्र र जलवायु उत्थानशीलतालाई प्राथमिकता दिएको छ ।

सुशासन, सामाजिक न्याय र समृद्धि सोह्रौं योजनाको मुख्य सोच हो । यस योजनाले उत्पादन, उत्पादकत्व र रोजगारीको वृद्धिमा विशेष जोड दिएको छ । सन् २०३० सम्म दिगो विकासका लक्ष्यहरू हासिल गर्दै नेपाललाई मध्यम आय भएको मुलुकमा पुऱ्याउने स्पष्ट मार्गचित्र यसमा समावेश छ ।

गुणस्तरीय पूर्वाधार विकास र प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापनमार्फत पुँजीगत खर्च क्षमता बढाउने यसको लक्ष्य छ । नयाँ सरकारले यी प्राथमिकताहरूलाई निःसर्त अंगीकार गर्दै देश र जनताको समृद्धिका लागि पूर्णरूपमा लाग्नुपर्ने देखिन्छ ।

क्रमबद्ध योजनाको करिब ७ दशकमा सोह्रौं योजनाले देश विकासको दैलो उघारेको छ । विगतका योजनाहरूमा धेरै कुरा भए, परिणाम भने मिश्रित छ । योजनाले विकास र समृद्धिलाई डोहोऱ्याउनु पर्छ । योजनासँग धेरै कुराको तादम्यता हुनुपर्छ । तर, सोचेको र कल्पना गरेको योजनाभन्दा परिणाम, वातावरण र अवस्था प्रतिकूल हुँदा लक्ष्य प्राप्ति गर्न सकिदैन भन्ने थुप्रै प्रमाण र सिकाइ पनि भएका छन् ।

सोह्रौं योजनाको सुरुवात, देशको विषम परिस्थितिको सिर्जना, अकस्मात्को निर्वाचनसम्मका परिकल्पना निराशाजनक रहे । तापनि, निर्वाचनमा जनताको मत परिवर्तनबाट नयाँ सरकारले अन्य बहाना गर्ने स्थिति भएन । त्यसैले लक्ष्य अनिवार्य हासिल गर्नेमा विश्वस्त हुन सकिने अवस्था छ । यद्यपि, योजनाको सुशासन, सामाजिक न्याय र समृद्धिको लामो सोच छ । कार्यान्वयनयोग्य, यथार्थपरक र नतिजामूलक बनाउने प्रयास पनि यसैमा राखिएको छ । ७.१ प्रतिशतको आर्थिक वृद्धिदर, यसै वर्षदेखि कम विकसित देशमा स्तरोन्नति र २०३० सम्ममा दिगो विकासका लक्ष्यलाई पछ्याउने चुनौतीसमेत रहेको अवस्था छ ।

भर्खरै गठन भएको बालेन शाहको नेतृत्वको नयाँ सरकारसामु देशलाई विकास र समृद्धिको नयाँ उचाइमा पुऱ्याउने ऐतिहासिक र युगान्तकारी अभिभारा छ । आमनागरिकमा छाएको निराशालाई चिर्दै आशाको सञ्चार गर्नुपर्ने चुनौती नयाँ सरकारको काँधमा छ । यसै सन्दर्भमा, नेपाल सरकारले कार्यान्वयनमा ल्याएको सोह्रौं आवधिक योजना (आर्थिक वर्ष २०८१/०८२-२०८५/०८६) नयाँ सरकारका लागि एक स्पष्ट मार्गचित्र र गन्तव्य बन्न सक्छ । विगत ६७ वर्षको योजनाबद्ध विकास प्रयासबाट महत्वपूर्ण उपलब्धिहरू हासिल भए तापनि विद्यमान आवश्यकता र आमनागरिकको अपेक्षा पूरा गर्न हाम्रा परम्परावादी कार्यशैली मात्र पर्याप्त छैनन् । नयाँ सोच, जोश, जागर, देशप्रेमका साथै मन, वचन र सकरात्मक कर्मको आवश्यक रहेको छ ।

हालसम्म योजना बन्नलाई योजना बने जस्तो देखिए पनि यसको सफल कार्यान्वयन सधैं चुनौतीपूर्ण नै हुने गर्दछ । यसै यथार्थलाई आत्मसात् गर्दै, आमनागरिकले आफ्नो जीवनमा प्रत्यक्ष अनुभूत गर्न सक्ने विकास र सुशासन हासिल गर्ने मूल उद्देश्यसहित सोह्रौं योजनाले 'सुशासन, सामाजिक न्याय र समृद्धि'को राष्ट्रिय सोच अघि सारेको छ । बालेन शाह सरकारको मुख्य प्रतिज्ञा पनि सुशासन र सेवा प्रवाहमा सुधार नै रहेको परिप्रेक्ष्यमा, यस योजनाका लक्ष्यहरू नयाँ सरकारका प्राथमिकताहरूसँग हुबहु मेल खान्छन् भन्ने छ ।

समृद्धिको पहिलो सर्त-सुशासन : विकास र समृद्धिको पूर्वसर्त सुशासन नै हो । राजनीतिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रलगायत सबै तहमा सुशासन कायम गर्नु सोह्रौं योजनाको प्रमुख उद्देश्य हो । सार्वजनिक सेवा प्रवाहको गुणस्तर र सुरक्षा व्यवस्थाप्रति नागरिकको गुनासो सम्बोधन गर्दै भ्रष्टाचार नियन्त्रण गर्नु आजको पहिलो आवश्यकता हो । नयाँ सरकारले योजनाको लक्ष्यअनुरूप विधिको शासन सूचकांकलाई हालको ०.५२ बाट बढाएर ०.८० पुऱ्याउनु पर्नेछ । त्यसैगरी, भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकांकलाई ३५ बाट ४३ पुऱ्याउने लक्ष्य राखिएको छ । सुशासन र प्रविधि परिपूरक भएका छन् । प्रविधिको उच्चतम प्रयोगबिना सुशासन सम्भवै छैन । त्यसैले विद्युतीय सरकार विकास सूचकांकलाई ०.५१२ बाट ०.६०० मा पुऱ्याउने लक्ष्य योजनाको छ । बालेन सरकारले परम्परागत ढिलासुस्ती र झन्झटिलो प्रशासनिक संयन्त्रलाई रूपान्तरण गर्दै नागरिकलाई घरदैलोमै छिटोछरितो र प्रविधिमैत्री सेवा प्रवाह गर्नुपर्नेछ । जसको छनक सुरुमै देखा परेको छ । सार्वजनिक वित्तको प्रभावकारी व्यवस्थापन गर्दै पुँजीगत खर्च गर्ने क्षमता बढाउनु र बेरुजुलाई कुल गार्हस्थ्य उत्पादनको १०.९ प्रतिशतबाट घटाएर ५.० प्रतिशतमा झार्नु नयाँ सरकारको प्रशासकीय सफलताको कसी हुनेछ । देश सुशासनको यात्रामा गलत पटरीमा जान लागेको अवस्थामा यसलाई समयमै लिकमा ल्याउनु अत्यावश्यक छ ।

समतामूलक समाजको आधार- सामाजिक न्याय : सामाजिक न्याको पहिलो आधार भनेकै सुशासन हो । सुशासनमार्फत नै सामाजिक न्याय र समृद्धि हासिल गर्न सकिन्छ । सरकारले विकासको प्रतिफल मुट्ठीभर मानिसमा मात्र सीमित नभई दूरदराजका र पछाडि पारिएका नागरिकसम्म पुगेको सुनिश्चित गर्नुपर्छ । राजधानी, मोफसल र बजारमा बस्ने नागरिकले मात्र उपभोग गर्ने योजना, विकास र सुविधाले समग्र नागरिकको प्रतिनिधित्व गर्दैन भन्ने कुरा हेक्का राख्नु आवश्यक देखिएको छ । योजनाले स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहमा सामाजिक न्याय स्थापित गर्ने लक्ष्य राखेको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, सामाजिक सुरक्षा, सार्वजनिक सेवा सबैको पहुँच र सर्वसुलभ हुनुपर्ने जनताहरूको अपेक्षाले साथ र सहयोग भएको प्रमाणित भएको छ ।

विद्यमान आर्थिक असमानतालाई घटाउनु योजनाको ठूलो चुनौती हो । हाल सम्पत्तिमा आधारित गिनी सूचांक (गिनी कोअफसियन्ट) ०.२४ रहेकोमा यसलाई ०.२२ मा झार्ने र उपभोगमा आधारित गिनी कोअफसियन्टलाई ०.३०० बाट ०.२८० मा सीमित गर्ने लक्ष्य छ । महिला र पुरुषबीचको रोजगारीको असमानता (हाल १:१.७) लाई घटाएर १:१.२ मा ल्याउने र महिलाको नाममा घर वा जग्गाको स्वामित्व २३.८ प्रतिशतबाट बढाएर ३५.० प्रतिशत पुऱ्याउने योजनाको अठोट छ । यसबाहेक, आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्यालाई ३२ प्रतिशतबाट बढाएर ६० प्रतिशत पुऱ्याउने महत्वाकांक्षी लक्ष्य राखिएको छ । सरकारले लैंगिक समानता, सामाजिक समावेशीकरण र सीमान्तकृत समुदायको उत्थानका लागि यी लक्ष्यहरूलाई आफ्नो नीति तथा कार्यक्रमको केन्द्रविन्दुमा राख्नुपर्छ । पहिलोपटक सरकारमा महिला प्रतिनिधित्व शत प्रतिशत र अन्य क्षेत्रको समावेशले
पनि यसको सार्थकतालाई प्राथामिकता दिएको देखिन्छ ।

बलियो अर्थतन्त्र र नागरिकको सुख-समृद्धि : दीर्घकालीन सोच 'समृद्ध नेपाल, सुखी नेपाली' रहेकोमा मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्र दुवैमा समृद्धि हासिल गर्नु सोह्रौं योजनाको अन्तिम उद्देश्य हो । पन्ध्रौं योजनाको अन्त्यतिर कोभिड-१९ महामारी र अन्य आन्तरिक तथा बाह्य कारणले अर्थतन्त्र सुस्त बन्न पुग्यो र आर्थिक वृद्धिदर लक्ष्यभन्दा निकै कम रह्यो । अब अर्थतन्त्रलाई चलायमान बनाउँदै सोह्रौं योजनाको अवधिभर औसत ७.१ प्रतिशत र योजनाको अन्तिम वर्ष (२०८५/८६) मा ७.३ प्रतिशतको उच्च आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य छ ।

यस वृद्धिसँगै आम नेपालीको प्रतिव्यक्ति आय हालको १४५६ अमेरिकी डलरबाट बढाएर २३५१ अमेरिकी डलर पुऱ्याउने अठोट योजनाले गरेको छ ।

सरकारका लागि यो लक्ष्य प्राप्ति सहज छैन तर असम्भव पनि छैन । यसका लागि देशमा व्याप्त गरिबी र बेरोजगारीको चक्र तोड्नुपर्छ । निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्यालाई २०.३ प्रतिशतबाट घटाएर १२.० प्रतिशतमा झार्ने र बेरोजगारी दरलाई ११.४ प्रतिशतबाट ५.० प्रतिशतमा सीमित गर्ने लक्ष्य योजनाको छ । सुरुमा सरकारले बेरोजगार बढाउने देखिए पनि सुशासन र पारदर्शिताको कारणले निकट भविष्यमा निजी तथा सरकारी क्षेत्रमा उल्लेख्यनीय रोजगारीहरू सिर्जना हुने विश्वास गर्न सकिने अवस्था छ ।

यसका साथै, उपभोक्ता मुद्रास्फीति (मूल्य वृद्धि)लाई ५.० प्रतिशतमा सीमित राखेर नागरिकको दैनिकीलाई सहज बनाउनु आवश्यक देखिएको छ । शिक्षा र स्वास्थ्य क्षेत्रमा आमूल सुधार गर्दै ५ वर्षमाथिको साक्षरता दर ८५.० प्रतिशत पुऱ्याउने र ३० मिनेटको दूरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार ९० प्रतिशत पुऱ्याउने लक्ष्यहरू हासिल गर्न नयाँ सरकारले लगानी बढाउनुपर्छ ।

संरचनात्मक रूपान्तरण - उत्पादन र रोजगारीमा जोड : योजनाको लक्ष्य हासिल गर्न संरचनागत सुधारको अति आवश्यकता छ । संरचनागत सुधारका लागि ४ वटा मुख्य रणनीति र १३ वटा क्षेत्र पहिचान गरेको छ । संरचना पुराना योजना नयाँ, योजना नयाँ, संरचना पुराना हुँदा आशतित उपलब्धि हुन सकेको छैन । विगतका योजनाहरू महत्वाकांक्षी बन्ने तर कार्यान्वयन आशातीत नहुने चुनौती हाम्रो सामु छ । हाम्रा अर्थतन्त्रमा प्राथमिक (कृषि) र दोस्रो (उद्योग) क्षेत्रको दरिलो आधार बिना नै तेस्रो (सेवा) क्षेत्रको विस्तार भएको छ, उपभोगमुखी आयात बढेको छ र युवा जनशक्ति वैदेशिक रोजगारीमा पलायन भइरहेको छ । यसलाई रोक्न सोह्रौं योजनाले अर्थतन्त्रको संरचनागत रूपान्तरणलाई मुख्य रणनीति बनाएको छ । बालेन नेतृत्वको सरकारले अब निर्वाहमुखी कृषिलाई व्यवसायीकरण गर्दै कृषि वस्तुको औसत उत्पादकत्व ३.३ बाट बढाएर ३.७ मेट्रिक टन प्रतिहेक्टर पुऱ्याउन कृषकलाई प्रविधि र बजारसँग जोड्नुपर्छ । उत्पादनको बजारीकरण र जिम्मेवारी सरकारको हुनु अनिवार्य छ । उत्पादनमूलक उद्योग र जलविद्युत्को विकासमा विशेष जोड दिन आवश्यक छ ।

योजनाको अन्त्यसम्म जलविद्युत् तथा वैकल्पिक ऊर्जाको जडित क्षमता ११,७६९ मेगावाट पुऱ्याउने र शतप्रतिशत जनसंख्यामा विद्युत् पहुँच पुऱ्याउने लक्ष्य छ । युवालाई देशभित्रै टिकाउन 'उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा' को नीतिलाई अक्षरशः पालना गर्नुपर्छ । 'पढ्दै कमाउँदै र कमाउँदै पढ्दै' जस्ता कार्यक्रम सञ्चालन गरी शिक्षालाई सीपसँग र सीपलाई उत्पादनसँग जोड्ने नीति नयाँ सरकारले अंगाल्नुपर्छ । वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको पुँजी, प्रविधि र सीपलाई स्वदेशी उद्यमशीलतामा लगाउनुपर्छ । बेरोजगारी समस्यालाई र युवा बिदेसिने परिपाटीलाई सकरात्मक किसिमले निरुत्साहित गरिनुपर्छ । यसको लागि निजी क्षेत्रको साथ, सहयोग र व्यवस्थित नियमन आवश्यकता छ भने निजी क्षेत्रलाई लगानीको सुरक्षाको प्रत्याभूत गराउनु सरकारको दायित्व छ ।

स्तरोन्नति र दिगो विकासको दिशा : नेपाल सन् २०२६ मा अति कम विकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुँदैछ । यो नेपालको स्वाभिमान र विकासका लागि कोसेढुंगा हो । तर, यससँगै अन्तर्राष्ट्रिय बजारमा नेपालले पाउँदै आएका कतिपय भन्सार छुट र अन्य सुविधाहरू गुम्ने चुनौती पनि छ । यो सरकारले यस चुनौतीलाई अवसरमा बदल्न नेपालको आन्तरिक उत्पादनको प्रतिस्पर्धात्मक क्षमता बढाउनुपर्छ र निर्यात प्रवर्धनका लागि विशेष आर्थिक क्षेत्र तथा औद्योगिक ग्रामहरूको सघन विकास गर्नुपर्छ । साथै, सन् २०३० सम्म दिगो विकासका लक्ष्यहरू हासिल गर्न स्रोतको उचित परिचालन र अन्तर्राष्ट्रिय लगानी भित्र्याउन कूटनीतिक पहललाई चुस्त बनाउनुपर्छ । र अन्तमा : सोह्रौं योजना केवल एउटा सरकारी दस्ताबेज मात्र होइन, यो आगामी ५ वर्षभित्र नेपाललाई कस्तो बनाउने भन्ने सिंगो राष्ट्रको संकल्प हो । बालेन शाहको नेतृत्वमा बनेको नयाँ सरकारले आमनागरिकको यो उच्च आकांक्षालाई पूरा गर्न संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारबीचको अन्तर सम्बन्धलाई मजबुत बनाउँदै, विकासका सबै आयाममा नवप्रवर्तन, प्रविधि र इमान्दारितालाई जोड्नुपर्छ । यो सरकार यस योजनाको सफलता र नयाँ योजनाको खाका कोर्ने जिम्मेवार भूमिका छ र हुनेछ । सुशासन, सामाजिक न्याय र समृद्धि सोह्रौं योजनाको मुख्य सोच हो । यस योजनाले उत्पादन, उत्पादकत्व र रोजगारीको वृद्धिमा विशेष जोड दिएको छ । सन् २०३० सम्म दिगो विकासका लक्ष्यहरू हासिल गर्दै नेपाललाई मध्यम आय भएको मुलुकमा पुऱ्याउने स्पष्ट मार्गचित्र यसमा समावेश छ । योजनाले स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माणका साथै हरित अर्थतन्त्र र जलवायु उत्थानशीलतालाई प्राथमिकता दिएको छ । गुणस्तरीय पूर्वाधार विकास र प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापनमार्फत पुँजीगत खर्च क्षमता बढाउने यसको लक्ष्य छ । नयाँ सरकारले यी प्राथमिकताहरूलाई निशर्त अंगीकार गर्दै देश र जनताको समृद्धिका लागि पूर्णरूपमा लाग्नुपर्ने देखिन्छ ।

सुशासन भाषणमा होइन, नागरिकले सरकारी कार्यालयमा सेवा लिँदा, न्याय माग्दा र रोजगारी खोज्दा अनुभूति गर्ने विषय हो । यदि बालेन सरकारले सोह्रौं योजनाले पहिल्याएका

बाँकी तेश्रो पृष्ठमा

'समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# इरानलाई घेर्न अमेरिकाको नयाँ प्रस्ताव, राष्ट्रसंघमा भिटो प्रयोग नगर्न चीन-रूसलाई आग्रह

***वाशिङ्टन-*** अमेरिकाले संयुक्त राष्ट्र संघमा इरानसम्बन्धी नयाँ प्रस्ताव पेश गरेको छ। मंगलबार प्रस्तुत गरिएको उक्त प्रस्तावको उद्देश्य होर्मुज जलडमरूलाई खुला गराउने रहेको छ। उक्त जलक्षेत्र खुलाएर इरानमाथि अन्तर्राष्ट्रिय दबाब बढाउने रणनीति अमेरिकाले लिएको छ।

यो प्रस्तावलाई खाडी क्षेत्रका केही देशहरूको समर्थन रहेको जनाइएको छ। हाल यस विषयमा छलफल जारी छ, अझै मतदान भएको छैन।

यस प्रस्तावलाई लिएर अमेरिकी विदेशमन्त्री मार्को रुबियोले चीन र रूससँग यसपटक भिटो प्रयोग नगर्न आग्रह गरेका छन्। यसअघि अप्रिल ७ मा पनि अमेरिकाले यस्तै प्रस्ताव ल्याउने प्रयास गरेको थियो, तर चीन र रुसले भिटो प्रयोग गर्दै रोकिदिएका थिए। उनीहरूको भनाइमा यस्तो कदमले क्षेत्रीय अवस्था झन् जटिल बनाउन सक्छ। यदि प्रस्ताव पारित भयो भने इरानमाथि नयाँ प्रतिबन्ध लागू हुनसक्नेछ। यसका साथै, इरानले नियम उल्लंघन गरेमा केही अवस्थामा बल प्रयोगको अनुमतिसमेत दिन सकिने सम्भावना रहेको छ।

होर्मुज तनाव र 'प्रोजेक्ट फ्रीडम' होर्मुज जलडमरूलाई लिएर पछिल्ला महिनामा तनाव बढ्दै गएको छ। इरानले मार्च ४ मा उक्त क्षेत्र नियन्त्रणमा लिएको घोषणा गर्दै शत्रु राष्ट्रका लागि मार्ग बन्द गरेको जनाएको थियो।

त्यसपछि अमेरिका र इरानबीच अप्रिल ८ मा युद्धविराममा सहमति भए पनि मार्ग खुला हुन सकेन। मे २ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प ले 'प्रोजेक्ट फ्रीडम' सुरु गरेका थिए, जसको उद्देश्य होर्मुजमा अड्किएका जहाजलाई सुरक्षित बाहिर निकाल्नु थियो। मे ४ बाट सुरु गरिएको उक्त अभियान छोटो समयमै असफल भयो। दुई दिनमा केवल तीन जहाजलाई मात्र सुरक्षित पार गर्न सकिएको थियो। इरानले अमेरिकी युद्धपोततर्फ फायरिङ गरेको आरोप लागेको छ भने अमेरिकाले इरानी डुङ्गा ध्वस्त पारेको दाबी गरेको छ। यसले युद्धविराम थप जोखिममा परेको छ। हाल होर्मुज क्षेत्रमा करिब १५५० व्यापारिक जहाज र २२,५०० भन्दा बढी नाविक अड्किएको बताइएको छ। आपूर्ति प्रणालीमा असर पर्न थालेको छ र नाभिकहरूको अवस्था चिन्ताजनक बन्दै गएको छ।

# सोह्रौं.....

संरचनात्मक रूपान्तरणका रणनीतिहरूलाई इमान्दारीपूर्वक कार्यान्वयन गर्‍यो भने, 'सुशासन, सामाजिक न्याय र समृद्धि'को सुदूर अब दूर नही भने झै गन्तव्य धेरै टाढा छैन।

अबको बाटो भनेको उत्पादन बढाउने, आयात घटाउने, रोजगारी देशभित्रै सिर्जना गर्ने र प्रत्येक नेपालीको मुहारमा खुसी ल्याउने हो। नयाँ सरकारलाई यस ऐतिहासिक कार्यमा सफलता मिलोस्। सुशासन, सामाजिक न्याय र समृद्धि यही सरकारले ल्याओस, सधैं झैं नारामा सीमित नहोस्, किसानको उत्पादन सडकमा फ्याक्ने, आयतित सामग्री उत्पादन गर्ने, उद्योग र व्यवसाय धरासायी हुने र सेवा मिलाएर खाने परम्पराबाट माथि उठेस, जनताको चाहना यही रहेको कुरा निर्वाचनमार्फत जाहेर गरेका छन् निराशा नबनुन्।

# सिमरा.......

उद्योग, एभेरेष्ट मसला प्रालिलगायत उद्योग निर्माणाधीन अवस्थामा छन्। 'ए' ब्लकमा ३४३ बिघा जग्गा रहेको छ। जहाँ अहिले आधा दर्जनभन्दा धेरै उद्योग चालु अवस्थामा रहेका छन् भने एक दर्जन उद्योग निर्माणाधीन अवस्थामा छन्।

त्यस्तै 'बी' ब्लकमा १२८ बिघा क्षेत्रफल रहेको छ। जहाँ ७० प्रतिशतभन्दा धेरै जग्गा प्राधिकरणमातहत नै छ। त्यस्तै 'सी' ब्लकमा भने ४९.५ बिघा जग्गा रहेको छ। त्यस्तै 'डी' ब्लकमा १३३ बिघा र 'इ' ब्लकमा १७८.५ बिघा जग्गा रहेको छ। रासस

# मध्यपूर्व युद्ध अन्त्य गर्न चीनको आह्वान

***एजेन्सी-*** मध्यपूर्वमा बढ्दो तनावबीच चीनले तत्काल र पूर्ण रूपमा लडाइँ अन्त्य गर्न आह्वान गर्दै सबै पक्षलाई शान्ति वार्तामा फर्कन आग्रह गरेको छ।

चीनले विशेषगरी संयुक्त राज्य अमेरिका र इरानबीचको विवाद समाधान गर्दै रणनीतिक जलमार्ग स्ट्रेट अफ हर्मुज पुनः सञ्चालनमा ल्याउँनुपर्नेमा जोड दिएको छ।

बेइजिङमा इरानी विदेशमन्त्री अब्बास अराघचीसँग भएको वार्तापछि चिनियाँ विदेशमन्त्री वाङ यीले जारी गरेको वक्तव्यमा मध्यपूर्वमा जारी शत्रुता अब ढिलाइ नगरी अन्त्य गर्नुपर्ने स्पष्ट सन्देश दिइएको छ।

वाङ यीका अनुसार चीनले लडाइँको 'पूर्ण समाप्ति' तत्काल हुनुपर्ने ठान्छ र शत्रुता पुनः सुरु हुनु अस्वीकार्य छ। उहाँले वार्ता निरन्तर जारी राख्नुपर्ने आवश्यकता औंल्याउँदै सबै पक्षलाई कूटनीतिक समाधानतर्फ फर्कन आग्रह गरे।

उनले विशेष रूपमा स्ट्रेट अफ हर्मुज मार्फत समुद्री यातायात सुरक्षित रूपमा पुनः सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिँदै अन्तर्राष्ट्रिय समुदायको तत्काल आह्वानप्रति सम्बन्धित पक्षहरूले छिटो प्रतिक्रिया दिनुपर्ने बताए।

आणविक मुद्दाबारे टिप्पणी गर्दै चिनियाँ विदेशमन्त्रीले इरानलाई शान्तिपूर्ण आणविक ऊर्जा प्रयोग गर्ने अधिकार रहेको स्वीकार गर्नुपर्ने बताए। साथै, इरानले आणविक हतियार विकास नगर्ने प्रतिबद्धता जनाएकोमा चीनले स्वागत गरेको उनको भनाइ छ।

चीनले मध्यपूर्वमा देखिएको तनावप्रति प्रत्यक्ष आर्थिक र रणनीतिक चासो राख्छ। समुद्री विश्लेषण संस्था केप्लरका अनुसार चीनले समुद्री मार्गबाट आयात गर्ने कच्चा तेलमध्ये आधाभन्दा बढी मध्यपूर्वबाट आउँछ, जुन अधिकांश रूपमा हर्मुज जलमार्ग हुँदै पार गरिन्छ।

त्यसैले उक्त मार्ग अवरुद्ध हुँदा चीनको ऊर्जा आपूर्ति प्रणालीमा प्रत्यक्ष असर पर्ने जोखिम रहन्छ।

बेइजिङले पछिल्ला कूटनीतिक प्रयासमार्फत संकट समाधानमा मौन तर सक्रिय भूमिका खेल्दै आएको बताइएको छ।

वाङ यीका अनुसार चीनले वासिङ्टन र तेहरानबीच बनेको नाजुक युद्धविरामलाई समर्थन गर्दै आएको र त्यसमा आफ्ना कूटनीतिक पहलहरूले पनि योगदान दिएको छ।

उनले चीन आगामी दिनमा पनि तनाव घटाउन, लडाइँ अन्त्य गर्न र शान्ति वार्ता अघि बढाउन सक्रिय भूमिका खेल्ने बताउँदै मध्यपूर्वमा स्थायित्व पुनःस्थापना गर्न सबै पक्षसँग सहकार्य जारी राख्ने प्रतिबद्धता व्यक्त गरे।

जनहितमा जारी सन्देश

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन्। कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं।

सुवर्ण गाउँपालिका
कवहीगोठ, बारा

# सरकारद्वारा १२ ट्रेड युनियन खारेज

***काठमाडौं, २३ बैशाख***




सरकारले सरकारी कर्मचारीसम्बद्ध १२ वटा ट्रेड युनियन संगठनहरूको दर्ता खारेज गरेको छ। श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले बुधबार गरेको निर्णयअनुसार विभिन्न निजामती कर्मचारी तथा स्वास्थ्यकर्मीका युनियनहरू खारेज गरिएको जनाएको हो।

विभागका अनुसार खारेज गरिएका संगठनमध्ये ८ वटा निजामती कर्मचारीसम्बद्ध र ४ वटा स्वास्थ्यकर्मीसम्बद्ध रहेका छन्।

निजामतीतर्फ खारेज गरिएका संगठनहरूमा नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, नेपाल मधेशी निजामती कर्मचारी मञ्च, एकीकृत सरकारी कर्मचारी संगठन तथा स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन रहेका छन्।

त्यसैगरी स्वास्थ्यकर्मीसम्बन्धी खारेज गरिएका युनियनहरूमा नेपाल स्वास्थ्यकर्मी संघ, मधेशी स्वास्थ्यकर्मी फोरम नेपाल, नेपाल स्वास्थ्यकर्मी युनियन, स्वास्थ्यकर्मी युनियन नेपाल, राष्ट्रिय स्वास्थ्यकर्मी संघ तथा राष्ट्रिय प्रगतिशील स्वास्थ्यकर्मी संगठन रहेका छन्।

सरकारको यस निर्णयसँगै सम्बन्धित युनियनहरूको संगठनात्मक संरचना तथा गतिविधिमा प्रत्यक्ष असर पर्ने देखिएको छ। यस कदमले कर्मचारी संगठनहरूको भविष्य, अधिकार तथा ट्रेड युनियन स्वतन्त्रतासम्बन्धी बहसलाई पुनः चर्काउने अनुमान गरिएको छ।

# कोल्हबी क्षेत्रमा विद्युत समस्या प्रति सरोकारवालाको ध्यानाकर्षण

***नबिन चौधरी***
***बारा, २३ बैशाख***




गर्मी बढेसँगै कोल्हबी नगरपालिका तथा आसपासका क्षेत्रमा देखिएको विद्युत आपूर्ति समस्या समाधानको माग गर्दै सरोकारवालाहरूले नेपाल विद्युत प्राधिकरण, कलैया वितरण केन्द्रमा ध्यानाकर्षण गराएका छन्।

पछिल्लो समय बारम्बार लाइन काटिने, लामो समयसम्म विद्युत अवरुद्ध हुने तथा भोल्टेज कमजोर हुने समस्याले स्थानीयवासी समस्यामा परेका छन्। यस अवस्थाले दैनिक जीवनसँगै व्यवसाय र अध्ययन-अध्यापनसमेत प्रभावित बनेको स्थानीयको गुनासो छ। सरोकारवालाहरूले दीर्घकालीन समाधानका लागि शीघ्र सब-स्टेसन निर्माण गर्न, थलहीकट्टीदेखि सपहीसम्मको विद्युत लाइन चाँडो जडान गर्न तथा समग्र विद्युत विस्तारलाई तीव्रता दिन प्राधिकरणसमक्ष माग राखेका छन्।

ध्यानाकर्षण कार्यक्रममा कोल्हबी नगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष विष्णु प्रसाद मैनाली, सुर्योदय खानेपानी उपभोक्ता समितिका अध्यक्ष नेत्र प्रसाद पौडेल, नवदिप सामुदायिक विद्युत उपभोक्ता समिति सपहीका अध्यक्ष रवि प्रकाश भण्डारी, सदस्यहरू रोहित सुवेदी, रुद्र दङ्गाल र जयराम उप्रेती सहभागी थिए। त्यस्तै कर्मचारी टेकनाथ थपलिया, नमुना माध्यमिक विद्यालय सपहीका अध्यक्ष गोपाल शिवाकोटी, युवा समाजसेवी दिपेन्द्र (रसिक) सुवेदी तथा समाजसेवी गणेश थापा लगायतको उपस्थिति रहेको थियो।

स्थानीयका अनुसार हरेक वर्ष गर्मी सुरु भएसँगै यस्ता समस्या दोहोरिने गरेका छन्, तर दीर्घकालीन समाधानका लागि ठोस पहल हुन नसकेको गुनासो छ।

"जनता अँध्यारोमा बस्न बाध्य छन्, तर जिम्मेवार निकाय गम्भीर देखिँदैन," एक स्थानीयले आक्रोश व्यक्त गरे।

टोलीले यथाशीघ्र प्रभावकारी कदम चाल्न आग्रह गर्दै विद्युत आपूर्ति सहज बनाउन प्राधिकरणको ध्यानाकर्षण गराएको जनाएको छ।

जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ।
- बालश्रमको प्रयोग नगरौ नगराऔं।
- जेष्ठ नागरिकको सम्मान गरौ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ।
- जथाभावी फोहोर नगरौ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ।

ठोरी गाउँपालिका, ध्याङडाँडा, पर्सा

सखुवा प्रसौनी गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं।

सखुवा प्रसौनी गाउँपालिकाको कार्यालय, सखुवा प्रसौनी, पर्सा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - बहुदरमाई नगरपालिका पर्सा

# आदर्श कोतवाल गाउँपालिकाद्वारा अतिक्रमण हटाउन ३५ दिने अल्टिमेटम

*शु.आ. सम्बाददाता*
*बारा, २३ बैशाख*



बाराको आदर्श कोतवाल गाउँपालिकाले सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण हटाउन ३५ दिने समयसीमा दिएको छ । गाउँ कार्यपालिकाको कार्यालयले सूचना जारी गर्दै अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाई सम्बन्धित जग्गा खाली गर्न आग्रह गरेको हो ।
गाउँपालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन यस्तो कदम चालिएको जनाएको छ ।
सूचना अनुसार गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक तथा सरकारी स्वामित्वका जग्गा–जस्तै सडक, खोला, नाला, ऐलानी, पर्ती, पार्क, विद्यालय, मन्दिर, मस्जिद, इदगाह, बजार क्षेत्र, स्वास्थ्य चौकी लगायतका स्थानमा गरिएको अतिक्रमण हटाउन निर्देशन दिइएको छ ।
सूचनामा उल्लेख गरिएअनुसार ती स्थानहरूमा टहरा, घर, छाप्रो वा अन्य संरचना निर्माण गरी प्रयोग गरिएको पाइएमा सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स्वेच्छिक रूपमा हटाउनुपर्नेछ । अन्यथा, तोकिएको समयावधि पछि गाउँपालिकाले कानुनी प्रक्रिया अपनाई अतिक्रमण हटाउने चेतावनी दिएको छ ।
गाउँपालिकाले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबै नागरिकको दायित्व भएको उल्लेख गर्दै अतिक्रमण नगर्न र जोखिमयुक्त स्थानमा बसोबास नगर्न समेत सर्वसाधारणलाई अनुरोध गरेको छ। स्थानीय तहले सार्वजनिक जग्गाको संरक्षण र व्यवस्थापनमा कडाइ गर्न थालेसँगै आगामी दिनमा अतिक्रमणविरुद्ध थप अभियान सञ्चालन हुने संकेत देखिएको छ।

# रास्वपाद्वारा बारामा तय वडा अधिवेशन स्थगन, प्रक्रिया मिलाउन निर्देशन

*शु.आ. सम्बाददाता*
*बारा, २३ बैशाख*




राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को मधेश प्रदेश कार्यालयले बारामा सञ्चालन हुने तयारीमा रहेका वडा अधिवेशनहरू तत्कालका लागि स्थगन गर्न निर्देशन दिएको छ। सहमहामन्त्री एवं संगठन विभाग प्रमुख गणेश धिमालद्वारा जारी पत्रमार्फत जिल्ला कार्यसमिति बारालाई यस्तो निर्देशन दिइएको हो ।
प्रदेश कार्यालयका अनुसार २०८३ वैशाख १७ गते सार्वजनिक गरिएको सूचना अनुसार तीन वटा पालिकाका १७ वटै वडामा अधिवेशन गर्ने तयारी भइरहेको जानकारी विभिन्न माध्यम–विशेषगरी सामाजिक सञ्जाल र पार्टीसम्बद्ध कार्यकर्तामार्फत प्राप्त भएको थियो । तर, पार्टीको संरचना विस्तार र समायोजन सम्बन्धी कार्य विधिसम्मत ढंगले अगाडि बढ्नुपर्ने भएकाले हालको प्रक्रियामा केही असंगतता देखिएको निष्कर्ष निकालिएको पत्रमा उल्लेख छ।
पत्रमा भनिएको छ कि संगठन सुदृढीकरणको क्रममा अपनाइने मापदण्ड र प्रक्रियालाई पूर्ण रूपमा पालना नगरी अघि बढाइएको अधिवेशन कार्यक्रमले संगठनभित्र अन्योल सिर्जना गर्न सक्ने भएकाले यसलाई तत्काल रोक्नु आवश्यक देखिएको हो ।
प्रदेश संगठन विभागले केन्द्रिय संगठन विभागसँग समन्वय गरी अर्को सूचना जारी नहुन्जेलसम्मका लागि सबै वडा अधिवेशन कार्यक्रम स्थगन गर्न स्पष्ट निर्देशन दिएको छ । साथै, उक्त निर्णयको जानकारी मधेश प्रदेश समिति र केन्द्रीय संगठन विभागलाई समेत बोधार्थका रूपमा पठाइएको जनाइएको छ ।
पार्टीभित्र संरचनागत एकरूपता र प्रक्रिया पारदर्शिता कायम गर्न यस्तो निर्णय लिइएको जनाइएको छ भने आगामी दिनमा संशोधित कार्ययोजनासहित नयाँ मिति तय गरिने संकेत पनि दिइएको छ ।

# फरार प्रतिवादी पक्राउ अभियान तीव्रः बारामा ११ जनालाई अदालत बुझाईयो

*शु.आ. सम्बाददाता*
*बारा, २३ बैशाख*



बारामा फरार प्रतिवादी पक्राउ गर्ने अभियानलाई तीव्रता दिँदै प्रहरीले ११ जनालाई नियन्त्रणमा लिई अदालत बुझाएको जनाएको छ। जिल्ला प्रहरी कार्यालय बाराले जारी गरेको प्रेस विज्ञप्तिअनुसार विभिन्न मुद्दामा सजाय तोकिएपछि फरार रहेका व्यक्तिहरूलाई खोजतलास गरी पक्राउ गरिएको हो। प्रहरीका अनुसार पक्राउ परेकाहरूलाई वैशाख २३ गते नियन्त्रणमा लिएर जिल्ला अदालत बारामा पेश गरिएको छ । उनीहरू विभिन्न कसुर–जस्तै बैंकिङ कसुर, चेक अनादर, कुटपिट तथा अन्य आपराधिक मुद्दामा संलग्न रही अदालतबाट फैसला भएपछि फरार रहँदै आएका थिए । प्रहरीले फरार प्रतिवादी खोजतलास कार्यलाई विशेष अभियानकै रूपमा सञ्चालन गर्दै आएको बताएको छ । पछिल्लो कारबाहीमा कलैया, सिम्रौनगढ, पचरौता, परवानीपुर लगायतका विभिन्न स्थानबाट उनीहरूलाई पक्राउ गरिएको जनाइएको छ ।
जिल्ला प्रहरी कार्यालय बाराका अनुसार अदालतबाट सजाय तोकिएर पनि फरार रहेका व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउने कार्यलाई निरन्तरता दिइनेछ। साथै, फरार व्यक्तिबारे सूचना उपलब्ध गराउन सर्वसाधारणसँग सहयोगको अपेक्षा गरिएको छ ।
प्रहरीले शान्ति सुरक्षा कायम राख्न तथा कानुन कार्यान्वयनलाई प्रभावकारी बनाउन यस्ता अभियानलाई अझ सशक्त बनाउँदै लैजाने जनाएको छ।

# श्री आधारभूत विद्यालय सन्तपुरका विद्यार्थीलाई पाठ्यपुस्तक वितरण

*रुपेश यादव*
*रौतहट, २३ बैशाख*



रौतहटको फतुवा विजयपुर नगरपालिका-५ स्थित श्री आधारभूत विद्यालय सन्तपुरका विद्यार्थीहरूलाई पाठ्यपुस्तक वितरण गरिएको छ । बुधबार वडा नं. ५ का वडा अध्यक्ष महम्मद एजाजको अध्यक्षता तथा कार्यवाहक नगर प्रमुख अम्बेया खातुनको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रमअन्तर्गत हाल कक्षा ३ मा अध्ययनरत विद्यार्थीहरूलाई पाठ्यपुस्तक वितरण गरिएको छ भने बाँकी कक्षाका विद्यार्थीहरूलाई क्रमशः वितरण गरिने विद्यालय प्रशासनले जनाएको छ । विद्यालयका प्रधानाध्यापक शिवमंगल प्रसाद यादवका अनुसार समयमै पाठ्यपुस्तक उपलब्ध गराएर शिक्षण-सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउने उद्देश्यले वितरण कार्य अघि बढाइएको हो। पाठ्यपुस्तक प्राप्त गर्न विद्यार्थीहरू उत्साहका साथ विद्यालयमा उपस्थित भएका थिए । कार्यक्रममा बोल्दै अतिथिहरूले समयमै पुस्तक वितरणले विद्यार्थीहरूको अध्ययनमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे ।
उक्त कार्यक्रममा स्थानीय जनप्रतिनिधि, भद्रभलादमी, शिक्षाप्रेमी, शिक्षक-शिक्षिका तथा अभिभावकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । विद्यालयले आगामी दिनमा पनि शैक्षिक गुणस्तर सुधारका लागि यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

# माधवनारायण-३ भेलहीमा 'अल नुर एकेडमी' उद्घाटन, गुणस्तरीय शिक्षामा जोड


*शु. आ. सम्बाददाता*
*रौतहट, २३ बैशाख*



रौतहटको माधवनारायण नगरपालिका-३ भेलही टोलमा नवनिर्मित 'अल नुर एकेडमी'को भव्य समारोहबीच विधिवत् उद्घाटन गरिएको छ । स्थानीयस्तरमा गुणस्तरीय तथा सुलभ शिक्षा प्रदान गर्ने उद्देश्यका साथ सञ्चालनमा आएको विद्यालयको उद्घाटन शिक्षा उद्यमी शेख हमिदले रिवन काटेर गरेका हुन् ।
उद्घाटन समारोहमा वडा नं. ३ का वडा अध्यक्ष राजकुमार यादव प्रमुख अतिथिका रूपमा उपस्थित रहेका थिए । कार्यक्रममा फाउन्डर डा. सरिफ इलगाफी, प्रिन्सिपल रामबालक राउत, भाइस प्रिन्सिपल शेख हैदर अली, शिक्षक-शिक्षिका, समाजसेवी तथा विभिन्न क्षेत्रका प्रतिनिधिहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।
कार्यक्रमलाई सम्बोधन गर्दै वक्ताहरूले शिक्षा नै समाज विकासको आधार भएको उल्लेख गर्दै स्थानीय स्तरमै गुणस्तरीय शिक्षाको पहुँच विस्तार गर्नु आवश्यक रहेको बताए। इस्लाम धर्ममा शिक्षाको महत्वबारे चर्चा गर्दै धार्मिक तथा आधुनिक शिक्षाको समन्वयले बालबालिकाको सर्वाङ्गीण विकास हुने विश्वास व्यक्त गरिएको थियो ।
हाल प्ले-ग्रुपदेखि कक्षा ५ सम्म अध्ययन अध्यापन सुरु गरिएको यस एकेडेमीलाई आगामी दिनमा क्षेत्रकै नमुना शिक्षण संस्थाका रूपमा विकास गर्ने प्रतिबद्धता सञ्चालक पक्षले जनाएको छ ।
विद्यालयले अभिभावकलाई सहजता प्रदान गर्न विभिन्न सहुलियत योजनासमेत ल्याएको छ । एकै परिवारका तीन जना विद्यार्थी भर्ना भएमा एक जनालाई निःशुल्क अध्ययनको व्यवस्था गरिने तथा टाइ र परिचयपत्र (आईडी कार्ड) विद्यालयकै तर्फबाट निःशुल्क उपलब्ध गराइने जनाइएको छ ।
वडा अध्यक्ष राजकुमार यादवले भेलही जस्तो क्षेत्रमा आधुनिक सुविधासम्पन्न विद्यालय स्थापना हुनु गौरवको विषय भएको उल्लेख गर्दै यसले स्थानीय बालबालिकालाई आफ्नै ठाउँमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने विश्वास व्यक्त गरे ।
विद्यालय सञ्चालनमा आएपछि भेलही तथा आसपासका क्षेत्रका अभिभावक र विद्यार्थीहरूमा उत्साह बढेको छ । स्थानीय स्तरमै शिक्षाको पहुँच विस्तारसँगै समग्र शैक्षिक गुणस्तरमा सुधार आउने अपेक्षा गरिएको छ ।

# सिमरा सेजका उद्योगद्वारा उत्पादन सुरू

*पर्सा, २३ बैशाख*




सिमरास्थित विशेष आर्थिक क्षेत्र प्राधिकरणमा रहेका उद्योगले उत्पादन थालेका छन् । सरकारले सेजको अवधारणालाई कार्यान्वयनमा ल्याएपछि यहाँ उद्योग सञ्चालनमा आएका हुन् । विशेष आर्थिक क्षेत्र प्राधिकरणमातहत ८३३ बिघा जग्गा भए तापनि अहिले ३४३ बिघा क्षेत्रफलअन्तर्गत विभिन्न ब्लकमा छवटा उद्योगले उत्पादन सुरु गरिसकेका छन् ।
सिमरास्थित विशेष आर्थिक क्षेत्र प्राधिकरणका प्रमुख पप्पु गिरीले सेजमा रहेका आधा दर्जनभन्दा धेरै उद्योगले उत्पादन थालिसकेको बताउनुभयो । "सेज परिसरमा रहेका आधा दर्जन उद्योगले अहिले उत्पादन गरिरहेका छन्", उहाँले भन्नुभयो, "एक दर्जनभन्दा धेरै उद्योग अहिले निर्माणाधीन अवस्थामा रहेका छन् ।"
सेजमा रहेको पशुपति सेरामिक्स प्रालिले सेरामिक्ससम्बन्धी वस्तु तथा सामान उत्पादन गर्दै आइरहेको छ । सो उद्योगले करिब ४५० जनालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी दिँदै आइरहेको छ ।
त्यस्तै ब्रिलियन सु प्रालिले पनि जुत्ता तथा चप्पल उत्पादन गर्दै आइरहेको छ। सो परिसरमा रहेको अर्को उद्योग बालाजी म्यानुफ्याक्चिरिङले पनि उत्पादनको काम गर्दै आइरहेको छ। त्यसैगरी, नेपाल एग्रो टुल्स कम्पनीले पनि कृषि सम्बन्धित उत्पादन गर्दै आइरहेको छ ।
एसीएम भेहिकल्सले पनि यहाँ उद्योग स्थापना गरेर उत्पादन गर्दै आइरहेको छ। त्यस्तै, बायोकल्प नेपाल नामक कम्पनीले पनि उम्पादन गर्दै आइरहेको विशेष आर्थिक क्षेत्र प्राधिकरणले जनाएको छ। चालु रहेका उद्योगमा करिब सात सयभन्दा धेरैले रोजगारीको अवसर प्राप्त गरेका छन् ।
सिमरास्थित विशेष आर्थिक क्षेत्र प्राधिकरणका सबइन्जिनियर अजयकुमार चौधरीले सिमरा सेजमै अहिले करिब एक दर्जनभन्दा धेरै उद्योग निर्माणाधीन अवस्थामा रहेको जानकारी दिनुभयो । सेजमा औसत उद्योगले दुई करोडदेखि दुई सय करोडसम्मको लगानी गरेका छन् ।
सेजमा प्रतिवर्गमिटर रु पाँचका दरले लिजमा लिएर उद्योग सञ्चालन गर्ने प्रावधान छ। अहिले सेजमा नेपोभिट सेरामिक्स प्रालि, केभेक्स हिमालयन, रेम्बो एग्रो, ओमकार ग्रेनाइट प्रालि, बवाङ उइयाङ्ग बायो टेक्नोलोजी, लाडिकर प्रालि, ओममेघाश्री प्रालि, हुलास केबल प्रालि, मातारा मसला

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका